नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

(कर्मचारी प्रशासन शाखा)

फोन नं. ४२६२५९० ४२६२८०२ ४२६२७०६ ४२६२९३५ ४२६२८६२ ४२२३५८०

रामशाहपथ,
काठमाडौं, नेपाल ।

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

प्राप्त पत्र संख्या :-
पत्र संख्या :- २०८०।८१।१।६५ प्र
चलानी नं. :- ४८

मिति : २०८०।०४।०८

विषय :- समायोजन भएका कर्मचारीहरूको व्यवस्थापन सम्बन्धमा ।

श्री स्थानीय तहहरु (सबै) ।

मन्त्रालयको च.नं. ५८५१ मिति २०८०।०३।२५ को चिकित्सक/स्वास्थ्यकर्मीको कामकाज व्यवस्थापन सम्बन्धी विषयक पत्रको बुँदा नं. १ मा "कर्मचारी समायोजन पश्चात् स्थानीय तहहरूको दोहोरो सहमतिका आधारमा कामकाजमा खटाईएका कर्मचारीहरुमध्ये स्वीकृत दरबन्दी भन्दा बढी स्वास्थ्य कर्मचारीहरूलाई तत् तत् स्थानीय तहमा मिति २०८०।०४।०१ गतेदेखि लागू हुने गरी काज फिर्ता गर्ने" निर्णय कार्यान्वयनको लागि पत्राचार भएको व्यहोरा अवगत नै छ ।

केही स्थानीय तहहरूले कर्मचारी समायोजन ऐन, २०७५ र कर्मचारी समायोजन/मिलान सम्बन्धी मापदण्ड, २०७७ तथा स्वास्थ्य सेवाका कर्मचारीहरुको समायोजन मिलान सम्बन्धी व्यवस्था, २०७७ बमोजिम समायोजन तथा समायोजन मिलान भई कार्यरत रहेका स्वास्थ्य सेवा तर्फका कर्मचारीहरूलाई समेत विभिन्न बहानामा फिर्ता पठाएको पाइएको जानकारी हुन आएको र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १ मिति २०८०।०४।०२ को समायोजन भएका कर्मचारीहरूको व्यवस्थापन सम्बन्धी मूल परिपत्र समेतलाई ध्यानमा राखी प्रचलित कानूनी व्यवस्था बमोजिम समायोजन भएका कर्मचारीहरूलाई कानूनी व्यवस्था प्रतिकूल हुने गरी फिर्ता गर्ने कानूनी आधार नभएकोले निजहरूलाई साबिक बमोजिम हाजिर गराई व्यवस्थापन गर्नुहुन यस मन्त्रालय (मा.मन्त्रीस्तर) को मिति २०८०।०४।०७ को निर्णयानुसार अनुरोध छ ।

२०८०।४।८
(कृष्ण थापा)
उपसचिव

बोधार्थः
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं ।
श्री अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री महालेखा परीक्षकको कार्यालय, अनामनगर, काठमाडौं ।